भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

## कृषि अनुदान कोषको लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७५/०५/२७**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं ५, बुटवलद्वारा आ.व. २०७५/७६ को कृषि अनुदान कोष कार्यक्रमका लागि वर्गीकरण १(क), १(ख) र २ मा रहेर कृषिमा आधारित कार्यक्रम संचालन गर्न इच्छुक प्रदेश नं. ५ का १२ जिल्लाका कृषक समूह/कृषि सहकारी संस्था र कृषि फर्म तथा उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी सूचनामा उल्लेख भएका कार्यालयमा निवेदन सहित विस्तृत प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**बर्गिकरण**

| बर्गिकरण | लगानीको क्षेत्र | कोषबाट लगानी हुने रकम | अनुदान ग्राहीको साझेदारी अंश | योग्य आवेदक | कैं. |
|---|---|---|---|---|---|
| १.(क) | खाद्य तथा पोषण सुरक्षा, व्यवसाय उन्नमुख कृषि तथा नविन प्रविधि | बढीमा ४ लाख वा ५० प्रतिशत जुन रकम कम हुन आउछ | ५० प्रतिशत | समूह तथा सहकारीमा आबद्ध कृषक/कृषिमा संलग्न निजीफर्म तथा उद्यमीहरु | आयोजनाको कूल प्रस्ताव रकम कम्तिमा ५ लाखको हुनु पर्ने |
| १.(ख) | | बढीमा ६ लाख वा ५० प्रतिशत जुन रकम कम हुन आउछ | | कृषक समूह, उत्पादनमूलक कृषि सहकारी संस्थाहरु | **आयोजनाको कूल प्रस्ताव रकम कम्तिमा १० लाखको हुनु पर्ने** |
| २. | व्यावसायिक कृषि खेती | बढीमा १० लाख वा ५० प्रतिशत जुन रकम कम हुन आउछ । | ५० प्रतिशत | कृषक समूह, उत्पादनमूलक कृषि सहकारी संस्थाहरु, कृषिमा संलग्न निजी फर्म तथा उद्यमीहरु | आयोजनाको कूल प्रस्ताव रकम कम्तिमा १५ लाखको हुनु पर्ने |

नोट: कृषि अनुदान कोष अन्तर्गत प्रस्ताव आवेदनका लागि लगानीको क्षेत्र बिशेष मूल्य श्रृखलाहरुको लागि निर्धारित मापदण्ड तथा आवेदन दर्ता गर्ने निकायको विवरण यस मन्त्रालयको वेभसाईट तथा मातहतका कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

१. कृषक समूह कृषि सहकारी संस्था/निजी फर्म तथा उद्यमीहरुले सूचना प्रकाशन मिति भन्दा अगाडी आधिकारिक निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति।
२. कृषि सहकारी संस्था/निजी फर्म तथा उद्यमीहरुको आ.व. २०७३।७४ को लेखापरिक्षणको प्रतिवेदन, कर चुक्ताको प्रमाण पत्र, VAT/PAN दर्ताको प्रमाण पत्रको प्रतिलिपी १/१ प्रति (फर्म/संस्थाको हकमा)।
३. आयोजनाको प्रस्ताव अनुसूचि -३ बमोजिमको ढाँचामा रु १० को टिकट टांस गरिएको १ प्रति । प्रस्तावनाको ढाँचा अनुसूचि -३ यस मन्त्रलयको वेब साईट (molmac.p5.gov.np) बाट डाउनलोड गर्न सकिनेछ।
४. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी १ प्रति ।
५. कार्यक्रम संचालनको लागि जग्गा आवश्यक पर्ने अवस्थामा आफ्नो जग्गा भएमा लालपुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई व्यवसाय गर्नेको हकमा कम्तिमा ५ वर्षको लागि करार गरिएको सम्झौता पत्रको प्रतिलिपि १ १ प्रति ।


थप जानकारीको लागि
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं ५
Email: molmacplanning@gmail.com
Website: molmac.p5.gov.np
फोन नं ०७१५४००२६, ०७१५४००६८

कृषि अनुदान कोष अन्तर्गत प्रस्ताव आवेदनका लागि छनौट भएका मूल्य श्रृङ्खलाहरुको तपसिलको मापदण्डहरु निर्धारण गरिएको छ ।

| सि.नं. | लगानीका उपक्षेत्रहरु | मूल्य श्रृङ्खलाहरु | निजी फर्म तथा उद्यमीहरु | कृषक समूह तथा कृषि सहकारी संस्थाहरु | कै. |
|---|---|---|---|---|---|
| १ | खाद्य तथा पोषण सुरक्षा र व्यवसाय उन्नमुख कृषितथा नविन प्रविधि वर्गीकरण १(क) र (ख) | मौसमी तथा बेमौसमी तरकारी खेती/मसला बाली | तराईमा २ बिगाह र पहाडमा २० रोपनी प्रति प्रस्ताव हुनु पर्ने । | तराईमा ३ बिगाह र पहाडमा ३० रोपनी प्रति प्रस्ताव हुनु पर्ने । | |
| | | प्लाष्टिक घरमा तरकारी खेती | कम्तिमा १२०० वर्गमिटर क्षेत्रफलमा हुनु पर्ने। | कम्तिमा २००० वर्गमिटर क्षेत्रफलमा हुनुपर्ने | |
| | | च्याउ खेती | १५०० प्याकेट बीउ (४०० ग्राम) प्रति कृषक प्रति लट हुनु पर्ने | २५०० प्याकेट बीउ (४०० ग्राम) प्रति कृषक प्रति लट हुनुपर्ने। | |
| | | फलफूल खेती | कम्तिमा तराईमा ३ बिगहा र पहाडमा २० रोपनी प्रति प्रस्ताव हुनु पर्ने । | कम्तिमा तराईमा ५ बिगहा र पहाडमा ३० रोपनी प्रति प्रस्ताव हुनु पर्ने । | |
| | | पशुपालन (गाई, भैसी, बाख्रा, बंगुर) | कम्तिमा उन्नत नश्लको दुधालु गाई/भैसी ६ गोटा, बाख्रा ५० गोटा, बंगुर २० गोटा पालन गर्नु पर्ने। | कम्तिमा उन्नत नश्लको दुधालु गाई/भैसी १० गोटा, बाख्रा १०० गोटा, बंगुर ४० गोटा पालन गर्नु पर्ने। | |
| | | पन्छीं (लौकाट, बट्टाई, टर्कि) | प्रतिलट कम्तिमा लौकाट ७०० गोटा, बट्टाई २००० गोटा, टर्कि ५०० गोटा पालन गर्नु पर्ने । | प्रतिलट कम्तिमा लौकाट १००० गोटा, बट्टाई ३००० गोटा, टर्कि ८०० गोटा पालन गर्नु पर्ने। | |
| | | फलफूल तथा तरकारीको व्यावसायिक नर्सरी स्थापना | तराईमा कम्तिमा ४ कठ्ठा र पहाडमा २ रोपनीमा हुनु पर्ने । | तराईमा कम्तिमा ६ कठ्ठा र पहाडमा ३ रोपनीमा हुनु पर्ने। | |
| | | माथि उल्लेखित बाहेक कुनै नविन खेती प्रविधि | प्रस्तावना अनुसार अनुदान रकम नबढ्ने गरी हुनु पर्ने । | | |
| २ | व्यावसायिक कृषि उपक्षेत्र वर्गीकरण २ | मौसमी तथा बेमौसमी तरकारी खेती/मसला बाली | कम्तिमा तराईमा ५ बिगाह र पहाडमा ५० रोपनी प्रति प्रस्ताव हुनु पर्ने । | | |
| | | प्लाष्टिक घरमा तरकारी खेती | कम्तिमा ३५०० वर्गमिटर क्षेत्रफलमा हुनु पर्ने। | | |
| | | च्याउ खेती | ४००० प्याकेट बीउ (४०० ग्राम) प्रति कृषक प्रति लट हुनु पर्ने। | | |
| | | फलफूल खेती | तराईमा ८ बिगहा र पहाडमा ५० रोपनी प्रति प्रस्ताव हुनु पर्ने । | | |
| | | पशुपालन (गाई, भैसी, बाख्रा, बगुर) | कम्तिमा उन्नत नश्लका दुधालु गाई/भैसी २० गोटा , बाख्रा १५० गोटा , बंगुर ६० गोटा पालन गर्नु पर्ने। | | |
| | | फलफूल तथा तरकारीको व्यावसायिक नर्सरी स्थापना | तराईमा कम्तिमा १० कठ्ठा र पहाडमा ५ रोपनीमा हुनु पर्ने। | | |
| | | माथि उल्लेखित बाहेक कुनै नविन खेती प्रविधि | प्रस्तावना अनुसार अनुदान रकम नबढ्ने गरी हुनु पर्ने। | | |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार

## कृषि अनुदान कोषका लागि प्रस्तावना दर्ता गर्न सकिने कार्यालयको बिवरण

| जिल्ला | कार्यालय | कैफियत |
|---|---|---|
| नवलपरासी पश्चिम | कृषि ज्ञान केन्द्र, परासी | |
| रुपन्देही | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, भैरहवा | |
| कपिलबस्तु | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, तौलीहवा | |
| पाल्पा | कृषि ज्ञान केन्द्र, तानसेन | |
| गुल्मी | कृषि ज्ञान केन्द्र, तम्घास | |
| अर्घाखाँची | कृषि ज्ञान केन्द्र, सन्धिखर्क | |
| प्यूठान | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन ईकाइ धान जोन, प्यूठान | |
| रोल्पा | कृषि ज्ञान केन्द्र, लिवाङ्ग | |
| दाङ्ग | कृषि ज्ञान केन्द्र, घोराही | |
| बाँके | कृषि ज्ञान केन्द्र, नेपालगंज | |
| बर्दिया | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन ईकाइ धान सुपरजोन बर्दिया वा कृषि ज्ञान केन्द्र, बाँके | |
| रुकुम पूर्व | शिश्रे गाँउपालिका, कृषि शाखा, रुकूमकोट वा कृषि ज्ञान केन्द्र, लिवाङ्ग | |

थप जानकारीको लागि
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं ५
Email: molmacplanning@gmail.com
Website: molmac.p5.gov.np
फोन नं ०७१५४००२६, ०७१५४००६८

०७५/५/२८